नेपाल राजपत्र

भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २१] काठमाडौं, वैशाख १३ गते २०२८ साल [संख्या २

श्री ५ को सरकार

भूमिसुधार मन्त्रालय

श्री ५ को सरकारले बनाएको निम्न लेखिएबमोजिमको भूमिसम्बन्धी (सातौं संशोधन) नियमहरू २०२७ सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

भूमिसम्बन्धी (सातौं संशोधन) नियमहरू २०२७

भूमिसम्बन्धी नियमहरू २०२१ (यसपछि "मूल नियमावली" भनिएको) लाई संशोधन गर्न वाञ्छनीय भएकोले भूमिसम्बन्धी ऐन २०२१ को दफा ६१ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः— (१) यी नियमहरूको नाम "भूमिसम्बन्धी (सातौं संशोधन) नियमहरू २०२७" रहेको छ ।

(२) यी नियमहरू तुरुन्त प्रारम्भ हुनेछन् ।

२. मूल नियमावलीको नियम १७ मा थपः— मूल नियमावलीको नियम १७ को उपनियम (२) पछि देहायको उपनियम (३) थपिएको छः—

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) तराई र भित्री मधेशको जग्गाको सम्बन्धमा फागुन मसान्तसम्म ।

(ख) काठमाडौं उपत्यका र पहाडको जग्गाको सम्बन्धमा माघ मसान्तसम्म ।

(४) कुनै साल जग्गा कमाउने व्यक्तिको काबुभन्दा बाहिरको परिस्थिति परी जग्गामा बाली लगाउन नसकेमा वा बिलकुल उब्जनी नभएमा वा उब्जनी भए तापनि बाली नष्ट भएमा सो जग्गा कमाउने व्यक्तिले यथासंभव चाँडो त्यसको सूचना समितिलाई दिनु पर्छ र समितिले जाँची बुझी साँचो ठहऱ्याएमा सम्बन्धित भूमिसुधार अधिकारीको निकासा लिई सो सालको उपनियम (१) र (२) बमोजिम जम्मा गर्नुपर्ने बचत सम्बन्धित मोही र जग्गाधनीलाई जम्मा गर्नु नपर्ने गरी छुट् दिन सक्नेछ ।

(५) उपनियम (४) बमोजिम बचत बुझाउन छुट पाएका व्यक्तिबाहेक उपनियम (३) बमोजिम म्यादभित्र बचत नबुझाउने व्यक्तिहरूको नामावली बचत बुझाउने म्याद नाघेको १५ दिनभित्र समितिले भूमिसुधार अधिकारीछेउ पेश गर्नुपर्छ ।

६. मूल नियमावलीको नियम २६ क. मा संशोधनः— मूल नियमावलीको नियम २६ क. को सट्टा देहायको २६ क. राखिएको छः—

२६. क. अनिवार्य बचत तथा कृषि ऋणलाई नगदीमा परिणत गर्नेः— (१) ऐनको दफा ४१ को उपदफा (२) र दफा ४६ (क) को प्रयोजनको लागि समितिमा श्री ५ को सरकारबाट गठित जिल्ला मोल निर्धारण समिति तोकिएको छ ।

(२) उपनियम (१) बमोजिम जिल्ला मोल निर्धारण समितिले जिन्सी बचतलाई श्री ५ को सरकारबाट स्वीकृत गरिएको भाउमा मोल निर्धारण गर्नेछ । मोल निर्धारण गर्दा सो सालको बाली कटानी भडानी हुँदाको स्थानीय प्रचलन दरलाई आधार मानी निर्धारण गर्नेछ र यसरी मोल निर्धारण गर्दा सम्बन्धित जिल्लाको क्षेत्र वा पञ्चायत छुटचाई मोल निर्धारण गर्न पनि सकिनेछ ।

७. मूल नियमावलीमा नियम २६ ख. थपः— मूल नियमावलीको नियम २६. क. पछि देहायको नियम २६. ख. थपिएको छः—

२६. ख. जिन्सी ऋण दिने र बढी जिन्सी मौज्दात बिक्री गर्नेः— (१) नियम २६. क. को उपनियम (२) अन्तर्गत मोल निर्धारण भएपछि सो दर भाउमा नघटाई समितिले ऋण दिनुपर्छ र बढी जिन्सी मौज्दात बिक्री गर्दा सो भाउमा बढाबढ गराई हुनआएको दर भाउमा बिक्री गर्न सक्नेछ । यस नियमको प्रयोजनको लागि वर्षको एक पटक मोल निर्धारण गरिनेछ ।

(२) उपनियम (१) बमोजिम जिन्सी मौज्दात बढाबढ गर्दा निर्धारित भाउमा बिक्री हुन नसकेमा श्री ५ को सरकारको निर्णयानुसार गर्नुपर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८. मूल नियमावलीको नियम २७ मा संशोधनः— मूल नियमावलीको नियम २७ को सट्टा देहायको नियम २७ राखिएको छः—

२७. बचतको रसिद दिनेः— (१) ऐनको दफा ४० बमोजिम प्रत्येक जग्गावाला वा मोहीबाट समितिमा जम्मा हुनआएको रकमको अनुसूची १० मा तोकिएको ढाँचाबमोजिमको प्रमाणपत्र वा अनुसूची १० मा तोकिएको ढाँचाबमोजिमको रसिद दिनुपर्छ । त्यस्तो रसिदमा क्रमसंख्या राखी ३ प्रति बनाई एक प्रति बचत कर्तालाई दिनुपर्छ र दोस्रो प्रति भूमिसुधार अधिकारीकहाँ पठाउनुपर्छ र तेस्रो प्रति आफूकहाँ राख्नुपर्छ । त्यस्तो रसीदमा समितिकातर्फबाट सो समितिको अध्यक्षले वा निजको अनुपस्थितिमा समितिले तोकेको एक जना सदस्यले सहीछाप गरेको हुनुपर्छ ।

(२) उपनियम (१) बमोजिम प्रमाणपत्र दिइएकोमा बुझाउन ल्याएको बचत रकम सो प्रमाणपत्रमा चढाई ग्राम समितिकातर्फबाट समितिको अध्यक्ष वा निजको अनुपस्थितिमा समितिले तोकेको एक जना सदस्यले र सो कामको लागि तोकिएको कर्मचारी भए निजले समेत सहीछाप गरेको हुनुपर्छ ।

९. मूल नियमावलीको नियम २८ मा संशोधनः— मूल नियमावलीको नियम २८ को सट्टा देहायको नियम २८ राखिएको छः—

२८. बचत रकमको जिम्माः— (१) समितिले उठाएको नगदी र जिन्सी बचत रकमको छुट्टा छुट्टै हिसाब समितिले दुरुस्त राख्नेछ ।

(२) मसलन्दको लागि असूल भएको बचत रकमको नगदीको ½ प्रतिशत छुटचाई र ऋण वितरण गर्ने समयमा नगदी रू. ५००।— मौज्दात बाँकी राखी बढी रकम ७ दिनभित्र भूमिसुधार बचत संस्थानको खातामा वा सम्बन्धित भूमिसुधार कार्यालयमा जम्मा गर्नुपर्छ ।

तर समितिले यो उपनियमबमोजिम राख्न सक्ने मौज्दातको रकमलाई लामो अवधिसम्म निष्क्रिय रहने गरी राख्नु हुँदैन ।

(३) समितिले उठाएको बचतको रकम दुरूपयोग वा हिनामिना भएमा समितिका सबै सदस्यहरू सामूहिक र व्यक्तिगत रूपले जवाफदेही हुनेछन् र त्यस्तो हिनामिना भएको रकम सरकारी बाँकी सरह असूल उपर गरिनेछ ।

१०. मूल नियमावलीको नियम २८. क. मा संशोधनः— मूल नियमावलीको नियम २८. क. को सट्टा देहायको नियम २८. क. राखिएको छः—

२८. क. ग्राम समिति तथा नगर समितिको गठनः— (१) प्रत्येक स्थानीय नगर पञ्चायत र गाउँ पञ्चायतमा भूमिसुधार अधिकारीले क्रमशः नगर समिति र ग्राम समिति गठन गर्नेछ ।

आधिकारिकता प्रदान विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपनियम (१) बमोजिम गठित समितिमा स्थानीय पञ्चायतका प्रधानपञ्च र उप–प्रधानपञ्च वा निजहरूको काम सम्हाल्ने व्यक्तिहरू अध्यक्ष र उपाध्यक्ष रहनेछन् ।

(३) स्थानीय पञ्चायतका सबै वडाका निर्वाचित सदस्यहरू समितिका सदस्य मनोनीत हुनेछन् ।

(४) स्वीकृत नीति र कार्यक्रमको अधिनमा रही समितिको काममा मद्दत गर्नु भूमिसुधार अधिकारीले एक जना कर्मचारी सदस्य सचिव हुने गरी खटाउन सक्नेछ ।

(५) "समिति" गठन नभएको स्थानीय पञ्चायतमा सो पञ्चायतभित्रका वडा समितिलाई आ-आफ्नो वडामा समिति सरहकै काम, कर्तव्य तथा अधिकार हुनेछ र वडा समितिका सदस्यहरूले समितिका सदस्यहरूले पाउने सरह नै पारिश्रमिक पाउनेछन् ।

११. मूल नियमावलीको नियम २८. ख. मा संशोधनः– मूल नियमावलीको नियम २८ ख. को सट्टा देहायको नियम २८. ख. राखिएको छ ।

२८. ख. समितिले ऋण लिन सक्नेः– समितिले आवश्यक परेमा बचत संस्थानसंग ऋण लिन सक्नेछ ।

१२. मूल नियमावलीको नियम २८. ग. मा संशोधनः– मूल नियमावलीको नियम २८. ग. को सट्टा देहायको नियम २८. ग. राखिएको छः–

२८. ग. समितिको संचालनः– (१) अध्यक्षले तोकेको मिति, समय र स्थानमा समितिको बैठक बस्नेछ, त्यस्तो बैठकको गणपूरक संख्या अध्यक्ष समेत गरी कूल सदस्य संख्याको एक तिहाई हुनेछ । गणपूरक संख्या नपुगी बैठक हुन नसकेकोमा अध्यक्ष र सचिवको निर्णय अनुसार गरिनेछ ।

(२) समितिको बैठक बचत ऋण असूली र ऋण वितरण गर्ने समयभन्दा पहिले अनिवार्य रूपले र पछि आवश्यकतानुसार बस्नेछ ।

(३) ऋण दिन र असूल गर्ने समितिले ऐन नियमको अधीनमा रही आफ्नो कार्यक्रम बनाउनेछ ।

(४) भूमिसुधार अधिकारीले बैठक बसाल्ने निर्देशन दिएमा समितिको बैठक बस्नेछ ।

(५) समितिको कूल सदस्य संख्याको एक तिहाई सदस्यले लिखितरूपमा बैठकको माग गरेमा अध्यक्षले वा उपाध्यक्षले बैठक नबोलाएमा भूमिसुधार अधिकारीले आफैं बैठक बोलाउने वा सदस्य सचिवलाई बैठक बोलाउन आदेश दिन सक्नेछ ।

(६) समितिको अनुमति बिना वा मनासिब माफिकको कारण नभै लगातार ३ पटकसम्म बैठकमा अनुपस्थिति हुने अध्यक्ष, उपाध्यक्ष वा सदस्यले अनुपस्थितिको अवधिको लागि यी नियमहरूबमोजिमको पारिश्रमिक पाउने छैन ।

आधिकारिकता मुद्रणविभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) समितिले उपनियम (१) बमोजिम दिएको ऋण र बचत संस्थानबाट प्राप्त रकमबाट वितरण भएको ऋण जुन उद्देश्य र कार्यको लागि दिइएको हो सोही उद्देश्य वा कार्यमा मात्र सो ऋणको प्रयोग गर्नु, गराउनु पर्नेछ ।

१५. मूल नियमावलीको नियम ३२, ३३, ३४, ३५ र ३९ मा संशोधनः— मूल नियमावलीको नियम ३२, ३३, ३४, ३५ र ३९ मा रहेको ग्राम समिति वा नगर समिति भन्ने शब्दहरूको सट्टा "समिति" भन्ने शब्दहरू राखिएका छन् ।

१६. मूल नियमावलीको नियम ३६ क. मा संशोधनः— मूल नियमावलीको नियम ३६ क. को सट्टा देहायको नियम ३६ क. राखिएकोः—

३६ क. ऋण असूल गर्नेः— (१) यी नियमहरू अन्तर्गत किसानलाई दिएको ऋण सो ऋण दिंदाको शर्त अनुसार सो शर्तमा उल्लिखित अवधिभित्र असूल गर्नु पर्छ ।

तर सम्बन्धित बाली कटानी हुँदा कुन किसानले कुनै दैवी कारणवश ऋण भुक्तानी गर्न नसक्ने अवस्था भएमा र जिल्ला भूमिसुधार अधिकारीले त्यस्तो कारण मुनासिव देखेमा त्यस्ता किसानलाई ऋण भुक्तानी गर्न आवश्यक थप म्याद दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम ऋण असूल गर्दा जिन्सीमा ब्याजको अतिरिक्त सयकडा ३ का दरले जति पनि असूल गरिनेछ ।

(३) लगानी भएको जिन्सी ऋण र त्यसको ब्याज असूल गर्दा जिन्सीमा नै असूल हुन नसक्ने भएमा जिन्सीको सट्टा निर्धारित दरमा नगदीमा असूल गर्न सकिनेछ ।

(४) लगानी भएको ऋण म्यादभित्र असूल हुन नसकेमा त्यस्तो ऋण दिने समितिले म्याद नाघेको ३५ दिनभित्र ऋण चुक्ता नगर्नेहरूको नामावली जिल्ला भूमि-सुधार अधिकारीकहाँ पठाउनेछ र जिल्ला भूमिसुधार अधिकारीले त्यस्तो ऋण सरकारी बाँकी सरह असूल उपर गर्न सक्नेछ ।

(५) उपनियम (१), (२), (३) र (४) बमोजिम पूरा वा आंशिक ऋण असूल हुँदा त्यसको रसिद अनुसूची २० मा तोकिएबमोजिमको ढाँचामा दिनुपर्छ र प्रमाणपत्र पाएकोमा सो कुरा प्रमाणपत्रमा समेत जनाई दिनुपर्छ ।

१७. मूल नियमावलीको नियम ३८ मा संशोधनः— मूल नियमावलीको नियम ३८ को सट्टा देहायको नियम ३८ राखिएको छ :—

३८. समितिका सदस्यहरूलाई पारिश्रमिकः— (१) कमिशन नपाउने गरी तोकिएको ऋण बाहेक समितिबाट लगानी भएको ऋणको ब्याजबाट प्राप्त भएको रकममध्ये समिति-को कोषको लागि १० प्रतिशत छुट्याई अनिवार्य बचत रकमको संरक्षण र संचालनको निमित्त आवश्यक मसलन्द र अरू आवश्यक काममा ५ प्रतिशत नबढाई खर्च गरी ३० प्रतिशत समितिका सदस्यले र नियम ३९ ग. बमोजिम हिसाब किताबको जिम्मेवारी लिने व्यक्तिसमेतले सोही नियममा लेखिएबमोजिम पाउनेछन् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपनियम (१) बमोजिम पाउनेबाहेक समितिका सदस्यहरूले आफूले वर्षभरिमा सङ्कलन गरेको बचत रकमको १ प्रतिशतले हुन आउने रकम समेत पाउनेछन् ।

(३) समितिको कोषको लागि छुटचाइएको कमिशनको प्रतिशत समितिको कोषमा जम्मा गरिनेछ ।

१८. मूल नियमावलीमा नियम ३९ क., ३९ ख., ३९ ग., ३९ घ., र ३९ ङ. थप:— मूल नियमावलीको नियम ३९ पछि देहायका नियम ३९ क., ३९ ख., ३९ ग., ३९ घ., र ३९ ङ. थपिएका छन् ।

"३९ क. हिसाब किताब:— (१) समितिले आफ्नो कारोबारको लेखा जिल्ला भूमिसुधार अधिकारीले दिएको निर्देशनबमोजिम ठीक दुरूस्त राख्नु पर्छ र भए गरेको कारोबारको फाँटवारी जिल्ला भूमिसुधार अधिकारीछेउ पठाउनु पर्छ ।

(२) समितिले हिसाब किताब ठीक दुरूस्त राखे नराखेको तथा अरू काम ठीक दुरूस्तसंग गरे नगरेको जाँच गर्नको लागि जिल्ला भूमिसुधार अधिकारीले कर्मचारी खटाउन सक्नेछ ।

३९ ख. बर-बुझारथ:— (१) समितिको अध्यक्ष वा सदस्य हेरफेर भएमा आफू जिम्माको नगदी जिन्सी हिसाब किताब र सो सम्बन्धी कागजात तुरून्त हालवालालाई वा सो नभए समितिको सचिवलाई बर-बुझारथ गर्नुपर्छ ।

(२) उपनियम (१) बमोजिम बर-बुझारथ गरी दिएको एक प्रतिलिपि जानकारीको लागि जिल्ला भूमिसुधार कार्यालयमा पठाउनु पर्छ ।

३९ ग.हिसाब किताबको जिम्मेवारी:— समितिको हिसाब किताब ठीक दुरूस्त राख्ने सम्पूर्ण जिम्मेवारी सदस्य सचिव भएको समितिमा निजको हुनेछ र निज नभएको समितिमा समितिको अध्यक्षको वा समितिले तोकेको व्यक्तिको हुनेछ । त्यस्तो हिसाब किताब राख्ने सदस्यले समितिका सदस्यहरूले सामूहिक रूपमा पाउने पारिश्रमिक रकममध्ये २५ प्रतिशत निजलाई दिई बाँकी रहेको अरू सदस्यहरूले दामासाहीले पाउनेछन् ।

३९ घ. बहुमुखी सहकारी संस्थाले गरेको काम गर्ने:— श्री ५ को सरकारले तोकिदिएमा नियम २८ क. को उप नियम (१) बमोजिम गठित समितिले श्री ५ को सरकारद्वारा निर्धारित रकमबाट बहुमुखी सहकारी संस्थाले गर्ने काम गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम कुनै समिति बहुमुखी सहकारी संस्थाको काम गर्ने गरी तोकिएमा सो संस्थाको हैसियतमा सो समितिको क्षेत्र अन्तर्गत पर्ने अरू समितिले नियम २६ बमोजिम बचत मात्र उठाउने गरी जिल्ला भूमिसुधार अधिकारीले निर्देशन दिन सक्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३९ ङ. समितिको सदस्यहरूको पारिश्रमिकः— नियम ३९ घ. बमोजिम बहुमुखी सहकारी संस्थाको काम गर्ने समितिका सदस्यहरू र हिसाब किताबको जिम्मेवारी हुनेले कारोवारमा भएको खुद नाफामध्ये ३० प्रतिशत बचत संरक्षण कोषमा जम्मा गरी बाँकी ७० प्रतिशत वा नियम ३८ को उपनियम (१) बमोजिम हुने रकम, जुन बढी हुन्छ सो हिसाबले नियम ३९ ग. मा तोकिएबमोजिम पारिश्रमिक पाउनेछन् ।

१९. मूल नियमावलीको नियम ४५ मा संशोधनः— मूल नियमावलीको नियम ४५ को सट्टा देहायको नियम ४५ राखिएको छः—

४५. अधिकारी, अदालत र समिति तोक्नेः— (१) ऐनको दफा ४० र दफा ६० को प्रयोजनको लागि समितिमा नियम २८ क. अन्तर्गत गठित समितिलाई तोकिएको छ ।

(२) ऐनको दफा ५८ को उपदफा (१) को प्रयोजनको लागि अधिकारीमा जिल्ला भूमिसुधार अधिकारीलाई र सोही दफाको उपदफा (३) को प्रयोजनको लागि अदालतमा अंचल अदालतलाई तोकिएको छ ।

२०. मूल नियमावलीको अनुसूचीमा संशोधनः— मूल नियमावलीको अनुसूची २० मा लेखिएको (नियम ३५ संग सम्बन्धित) भन्ने शब्दहरूको सट्टा (नियम ३६ क. को उपनियम (५) संग सम्बन्धित) भन्ने शब्दहरू राखिएका छन् ।

आज्ञाले—
रामबहादुर रावल
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

अनुसूची- १० (क)

(नियम २७ को उपनियम (२); नियम ३४ र नियम ३६ क. को उपनियम ५ संग सम्बन्धित)

प्रमाणपत्र नं. ... ...
बचत कर्ताको नाउँ थर वतन
उमेर... ... ...
बाबुको नाउँ... ... ...

जिल्ला ... ...
पञ्चायत ... ... ग्राम समिति
वडा नं... ... ...
व्यक्तिगत श्रेस्ता

आम्दानी (बचत कर्तालि बुझाएको)										खर्च (बचत कर्ताले बुझिलिएको)							
किस्तिम	अनिवार्य बचत		लिएको ऋण असूली भएको				कृषि ऋण असूली			ऋण लिएको		व्याज वितरण	बचत फिर्ता	मिति	बुझाउने को सही	बुझ्नेको सही	कैफियत
	रकम	जिन्सी भए त्यसको मोल	रकम	ब्याज	सुखा जर्ती	जम्मा	रकम	ब्याज	जम्मा	सापत र भुक्तानी गर्नु पर्ने मिति	रकम						
१	२	३	४	५	६	७	८	९	१०	११	१२	१३	१४	१५	१६	१७	१८

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(नियम २७ को उप-नियम (२); नियम ३४ र नियम ३६ क. को उप-नियम ५ संग सम्बन्धित)

सरकारी कार्यालयहरूलाई सूचना

१. सरकारी रकम उठाउनु पर्नेबाट कसैले बचतको रसिद जमानत वा धरौटी राख्न आएमा सम्बन्धित प्रमाणपत्र समेत झिकाई बचत बुझाएको रकम ठीक बेठीक हेर्नुपर्छ ।

२. प्रमाणपत्रमा समेत कति रुपैयाँको बापत-को र कुन सालको बचत रकम धरौटी वा जमानत राखेको हो लेखी अड्डाको छापसमेत लगाउनुपर्छ ।

३. धरौटी राखेको बचत रसिद मात्र धरौट दिने कार्यालयले राख्ने र प्रमाण सम्ब-न्धित व्यक्तिलाई नै फिर्ता दिनु पर्छ ।

भूमिसुधारको आव्हान

समयमा नै आफूले बुझाउनु पर्ने बचत बुझाउनु होस् र अरूलाई पनि बुझाउन लगाउनु होस् । वडा समिति र ग्राम समितिबाट ऋण सजिलो-संग तपाईंले प्राप्त गर्न सक्नु हुनेछ । ग्राम समिति वा वडा समितिबाट ऋण लिएमा ब्याज धेरै तिर्नु पर्दैन, तपाईको घर खेत बन्धकी राख्नु पर्दैन ।

आफ्नो सन्तानको भविष्य बनाउन बचत गर्नुहोस् ।

त्यसैकारण ऋण लिनु होस् तपाईको खेतमा उब्जनी बढाउन–

किन–– उन्नत मल किन्न ।
किन–– पानीपोत तिर्न, सिंचाईको प्रबन्ध गर्न
किन–– गोरू किन्न ।
किन–– बीउ किन्न ।
किन–– परिवारलाई खान दिन ।
किन–– बिरामी भएमा औषधि गर्न ।
किन–– सन्तानको भविष्य राम्रो पार्न ।

अंचल .....
जिल्ला .....
गाउँ पञ्चायत .....
वार्ड नं. .....
प्रमाणपत्र नं. .....

प्रमाणपत्र
पञ्चायतको छाप

प्रमाणपत्र राख्नेहरूले ध्यान दिनुपर्ने कुरा–

१. यो प्रमाणपत्र नच्यातिने नबिग्रिने गरी आफ्नो सम्पत्ति सम्झी हिफाजतसंग राख्नु पर्दछ ।

२. प्रमाणपत्रमा चढाएको हर हिसाब ठीक छ छैन हेर्नुस् र अरूलाई पनि देखाउनु

३. प्रमाणपत्र हराएमा तुरून्त लिखित सूचना भूमिसुधार अधिकारीलाई र वडा समिति, ग्राम समितिलाई दिनु पर्दछ ।

नमूना प्रमाणित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ ।

सरकारी धरौटी लिने कार्यालयले धरौटी लिएको निस्सा सम्बन्धित ठाउँ

सरकारी धरौटी लिने कार्यालयले धरौटी लिएको निस्सा सम्बन्धित ठाउँ

सरकारी धरौटी लिने कार्यालयले धरौटी लिएको निस्सा सम्बन्धित ठाउँ

सरकारी धरौटी लिने कार्यालयले धरौटी लिएको निस्सा सम्बन्धित ठाउँ

(३) ऐनको दफा १८ को उपदफा (३) को प्रयोजनको लागि अदालतमा अञ्चल अदालतलाई तोकिएको छ ।

३. मूल नियमावलीको नियम २० मा संशोधनः– मूल नियमावलीको नियम २० को शीर्षक पछि "(१)" थपिएको छ ।

४. मूल नियमावलीको नियम २५ मा संशोधनः– मूल नियमावलीको नियम २५ को सट्टा देहायको नियम २५ राखिएको छः–

२५. अधिकारी तोक्नेः– ऐनको दफा २९ को उपदफा (१), दफा ३१ (क) र दफा ३८ को प्रयोजनको लागि अधिकारीमा जिल्ला भूमिसुधार अधिकारीलाई तोकिएको छ ।

५. मूल नियमावलीको नियम २६ मा संशोधनः– मूल नियमावलीको नियम २६ को सट्टा देहायको नियम २६ राखिएको छः–

२६. अनिवार्य बचतको दर र सो जम्मा गर्ने स्यादः– (१) ऐनको दफा ४० बमोजिम अनिवार्य बचत जम्मा गर्नुपर्ने प्रत्येक जग्गावाला र मोहीले आफ्नो वा आफूले कमाएको जग्गाको मुख्य वार्षिक उब्जनी बालीको देहायबमोजिमको अनिवार्य बचत नियम २८ क. अन्तर्गत गठित नगर वा ग्राम समिति (यसपछि समिति भनिएको) मा जम्मा गर्नुपर्ने गरी तोकिएको छ–

क) प्रत्येक जग्गावालाले आफूले कमाएको जग्गाको बिगाहा १ को ½ आधा मन र १ रोपनीको तीन मानाका दरले,

ख) प्रत्येक मोहीले सो हैसियतले कमाएको जग्गाको बिगाहा १ को ६ सेर र रोपनी १ को १ मानाको दरले,

ग) प्रत्येक जग्गावालाले अरूलाई कमाउन दिएको जग्गाको बिगाहा १ को १४ सेर र रोपनी १ को २ मानाको दरले ।

तर वार्षिक उब्जनीको आधाभन्दा कम कूत लिने चलन भएको क्षेत्रमा भने प्रत्येक मोहीले सो हैसियतले कमाएको जग्गाको बिगाहा १ को १४ सेर र रोपनी १ को २ मानाको दरले, प्रत्येक जग्गावालाले अरूलाई कमाउन दिएको जग्गाको बिगाहा १ को ६ सेर र रोपनी १ को १ मानाको दरले अनिवार्य बचत जम्मा गर्नुपर्नेछ ।

(२) खाद्यान्नबाहेक अरू नगदी बाली लागेको जग्गाको हक्मा उपनियम (१) मा उल्लेख गरिएबमोजिम श्री ५ को सरकारले निर्धारण गरेको जिन्सी बराबरको नगदीमा अनिवार्य बचत जम्मा गर्नुपर्छ ।

(३) प्रत्येक बचतकर्ताले प्रति वर्षको उपनियम (१) र (२) मा लेखिएबमोजिमको बचत देहायबमोजिमको जग्गाको सम्बन्धमा देहायबमोजिमको समयभित्र बुझाइसक्नु पर्छ ।

आधिकारिकता सम्पादन विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(७) बचतको हिनामिना ऋणको दुरूपयोग तथा नियम र कार्यक्रमको प्रतिकूल व्यवहार गरेमा सो गर्ने अध्यक्ष, उपाध्यक्ष तथा सदस्यको सट्टा भूमिसुधार अधिकारीले अर्को पदाधिकारी वा सदस्य मनोनीत गर्न सक्नेछ ।

(८) उपनियम (५) बमोजिम अध्यक्ष, उपाध्यक्ष वा सदस्यहरू अनुपस्थिति भएको विवरण सम्बन्धित समितिले यथाशीघ्र भूमिसुधार कार्यालयमा पठाउनु पर्छ र कारण मनासिव नभएको निर्णय भूमिसुधार अधिकारीले गर्नेछ ।

(९) समितिले आफ्नो कार्यविधि आफैं तोक्न सक्नेछ ।

१३. मूल नियमावलीको नियम २९ मा संशोधनः– मूल नियमावलीको नियम २९ मा लेखिएको ग्राम समिति भन्ने शब्दहरूको सट्टा "समिति" भन्ने शब्द राखिएको छ ।

१४. मूल नियमावलीको नियम ३४ मा संशोधनः– नियमावलीको नियम ३४ को सट्टा देहायको नियम ३४ राखिएको छः–

३४. ऋण दिने प्रयोजनः– (१) यी नियमहरू अन्तर्गत समितिले आफ्नो क्षेत्रभित्रका बचत बुझाउने किसानलाई देहायको कुनै प्रयोजनको लागि ऋण दिनेछ । त्यस्ता किसानले प्रमाणपत्र पाएको रहेछ भने सो लिएको ऋण रकम प्रमाणपत्रमा जनाई दिनुपर्छ ।

(क) बीउ लगाउन
(ख) खान
(ग) खेतालालाई ज्याला दिन
(घ) मल तथा कृषि औजार किन्न
(ङ) मालपोत वा पानी पोत तिर्न
(च) गोरू किन्न वा भाडामा लिन
(छ) बिरामी भएको अवस्थामा साधारण उपचारको लागि
(ज) बिहावारीको निमित्त (रू. १५०।– सम्म)
(झ) काज क्रियाको निमित्त (रू. ५०।– सम्म)
(ञ) सिंचाईको निमित्त, बाँध, पैन, कुलो बनाउन, इनार, पोखरी खन्न, मरमत गर्न वा पाइप वा पावर मिशिन किन्न
(ट) ट्र्याक्टर किन्न वा भाडामा लिन
(ठ) कृषि विकासको लागि कृषिसंग सम्बन्धित उद्योग खोल्न वा व्यवस्था गर्न
(ड) आफू मोही भै कमाएको जमीन खरीद गर्न

(२) काबु बाहिरको कारणले ऋण तिर्न नसकेकोमा बाहेक लिएको ऋण नतिर्ने व्यक्तिलाई ऋण चुक्ता नगरेसम्म पुनः थप ऋण दिइने छैन ।

(३) साधारणतः मल, बीउ, औजार, गोरू, कीटाणु नाशक औषधिको कामका लागि बाहेक अरू कामको लागि जम्मा गरेको बचतभन्दा बढी बिना धितो ऋण दिइने छैन ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।